"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद ............................ महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ०७९/८०

चलानी नं. :- ८५६०

मितिः २०७९।१०।०५

विषयः :कार्यक्रम माग गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत आ.व. २०७९।८० को वार्षिक कार्यक्रम अनुसार स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमहरुतर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त भएकोमा सो अन्तर्गत देहायका कार्यक्रमहरु आवश्यक भएका विद्यालयहरुले प्रस्ताव सहितको माग पत्र मिति २०७९/१०/१५ गते भित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

<u>कार्यक्रमहरु:</u>

१. विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन( प्रति विद्यालय रु ६ लाख ५० हजार)
२. विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना (प्रति विद्यालय रु ६ लाख ५० हजार)
३. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान( प्रति विद्यालय रु ५० हजार)
४. नमूना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान (नमूना विद्यालयका लागि रु २ लाख)
५. नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान (नमूना विद्यालयका लागि रु ५० लाख)

पुनश्चः

*क. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदानका लागि विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लिखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा प्रस्ताव पेस गर्ने।*

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद ............................ महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- ४५६०

ख. विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम स्थानीय तहका सबै माध्यमिक तहका विद्यालयहरुले विगत वर्षहरुमा एक पटक पाइसकेको भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले पुरानो क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई अनुदान उपलब्ध गराइने छ ।

शम्भु प्रसाद पाण्डे
शाखा अधिकृत

शम्भु प्रसाद पाण्डे
महाशाखा प्रमुख (शाखा अधिकृत)

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री सूचना शाखाधरान उपमहानगरपालिका ,- पत्र **Website** मा राखिदिनु हुन ।

कार्यालयः ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुखः ५७०१०९, उप-प्रमुखः ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासनः ५७१९९१, आर्थिक प्रशासनः ५७१५११,
... राजश्व : ५७०७७८ ...
education@dharan.gov.np